MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

महाराजगञ्ज, काठमाडौं

MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED

Maharajgunj, Kathmandu

प.लि.नं. १२४५/०६७/६८

प.सं. ०८३/८४ च.नं. २५८

पान नं.३०४९५४७५१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं।

मितिः २०८३।०७।२६

विषयः **आ.व.२०८३।८४ को प्रथम त्रैमासिक प्रतिवेदन पठाइएको बारे।**

उपरोक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित अनुसूची-१४ अनुसारको यस कम्पनीको आ.व.२०८३।८४ को प्रथम त्रैमासिक प्रतिवेदन र नियम २६ को उपनियम (५) सँग सम्बन्धित अनुसूची-१६ मुताबिकको विवरणहरु तहाँको जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ। साथै, सर्वसाधारणको जानकारीको लागि मिति २०८३।०७।२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक मा अनुसूची-१४ बमोजिमको प्रतिवेदन प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध छ।

(राम गोपाल शिवाकोटी)
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ:

श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।
श्री विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं।
श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं।
श्री सि.डि.एस. एण्ड क्लियरिङ लि., पुतलीसडक, काठमाडौं।
श्री कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर।
श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौँ।
श्री ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाडौँ।
श्री चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाण्डौं।
श्री सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., कोटेश्वर, काठमाडौं।
श्री नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि., बालुवाटार, काठमाण्डौं।
श्री सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लि., तिनकुने, काठमाण्डौं।
श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि., भोटेकोशी गाउँपालिका, चाकु, सिन्धुपाल्चोक।

फोन नं.: ४७२१६४१/४७२१६४२
फ्याक्स: ४७२१६४३
ई मेल: admin@mbjcl.com.np
पो.ब.नं. २३५९९, काठमाण्डौं।
Web Site: www.mbjcl.com.np

Madhya Bhotekoshi Jalavidyut Company Ltd.
Maharajgunj, Kathmandu

Statement of Financial Position (Unaudited) as on 31st Ashwin 2083 (17th October 2026)
(1st Quarter of FY 2083/84)

Amount in Rs. '000

Particulars	2083.06.31 (17.10.2026)	2083.03.32 (16.07.2026)	2082.06.30 (17.10.2025)
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	21,353,590.84	21,567,367.34	22,035,478.79
Capital Work-in-Progress	4,404.28	-	3,889.37
Total Non-Current Assets(A)	**21,357,994.11**	**21,567,367.34**	**22,039,368.16**
Current Assets			
Inventory	867.72	783.46	624.25
Accounts Receivables	489,529.56	519,281.75	101,850.91
Advances, Deposits and Other Receivables	121,621.04	123,410.32	111,403.06
Investment in Term Deposits	-	-	-
Cash and Cash Equivalents	26,193.13	11,100.87	150,500.81
Total Current Assets (B)	**638,210.45**	**654,576.41**	**364,379.03**
Total Assets (A+B)	**21,996,204.57**	**22,221,943.76**	**22,403,747.19**
Equity and Liabilities			
Equity			
Share Capital	6,000,000.00	6,000,000.00	6,000,000.00
Retained Earnings	(31,845.71)	(227,952.36)	(376,647.36)
Total Equity (C)	**5,968,154.29**	**5,772,047.64**	**5,623,352.64**
Non-current Liabilities			
Long-term Borrowing	15,157,005.17	15,429,602.67	16,255,032.57
Total Non-current Liabilities (D)	**15,157,005.17**	**15,429,602.67**	**16,255,032.57**
Current Liabilities			
Short-term Borrowing	300,000.00	440,000.00	-
Provisions	121,964.18	122,160.13	2,869.28
Trade and Other Payables	449,080.92	458,133.32	522,492.70
Total Current Liabilities (E)	**871,045.10**	**1,020,293.44**	**525,361.98**
Total Equity and Liabilities (C+D+E)	**21,996,204.57**	**22,221,943.76**	**22,403,747.19**

Statement of Financial Performance (Unaudited) upto 31st Ashwin 2083 (17th October 2026)
(1st Quarter of FY 2083/84)

Amount in Rs. '000

Particulars	FY 2083/084 (Upto Ashwin) (2026/027)	FY 2082/083 (Upto Ashad) (2025/026)	FY 2082/083 (Upto Ashwin) (2025/026)
Income			
Revenue from sale of electricity	758,901.91	2,144,669.86	101,850.91
Direct Expenses	(37,265.80)	(171,087.22)	(1,500.08)
Royalty Expenses	(15,178.04)	(53,093.40)	(2,887.02)
Gross Profit	**706,458.08**	**1,920,489.25**	**97,463.81**
Other Operating Expenses			
Employee Benefit Expenses	(6,543.63)	(20,232.56)	(5,970.21)
Administrative Expenses	(3,773.99)	(27,741.56)	(4,262.98)
Depreciation	(242,239.34)	(755,842.14)	(26,891.01)
Operating Profit/ (Loss) (A)	**453,901.11**	**1,116,672.99**	**60,339.61**
Finance Income	80.88	1,326.52	325.61
Other Income	284.40	485.87	35.00
Total Income (B)	**365.28**	**1,812.39**	**360.61**
Finance Cost	(258,159.74)	(951,595.74)	(42,505.57)
Exchange Loss	-	-	-
Profit/ (Loss) Before tax and Bonus (A - B)	**196,106.66**	**166,889.64**	**18,194.65**
Employee Bonus	-	-	-
Profit/ (Loss) Before tax	**196,106.66**	**166,889.64**	**18,194.65**
Less: Tax			
Current year tax	-	-	-
Prior year Tax	-	-	-
Net Profit/ (Loss) for the period	**196,106.66**	**166,889.64**	**18,194.65**

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार
कम्पनीको
आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन।

1. **वित्तीय विवरण:**

(1) प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

(2) प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन्:

विवरण	२०८३।८४ असोज मसान्त	२०८२।८३ असोज मसान्त
प्रतिशेयर आम्दानी (वार्षिकीकरण गरिएको)	१३.०७	१.१०
प्रतिशेयर नेटवर्थ	९९.४७	९३.६९
मूल्य आम्दानी अनुपात (P/E Ratio)*	२४.७९	२४५.७३
प्रतिशेयर कुल सम्पत्तिको मूल्य	३६६.६०	३७३.४०
तरलता अनुपात	**०.७३**	**०.६८**

**(द्रष्टव्य: P/E Ratio गणना गर्दा त्रैमासिकको अन्तिम बजार मूल्यलाई आधार मानिएको छ।)*

आ.व. २०८२/८३ को दोस्रो त्रैमासिकबाट कम्पनी पूर्ण रूपमा उत्पादन चरणमा प्रवेश गरेकाले अघिल्लो वर्षको सोही अवधिको तथ्याङ्कसँग तुलना गर्दा स्वाभाविक भिन्नता देखिएको छ। कम्पनीको चुक्ता पूँजीबाट वासलातमा देखिएको सञ्चित नोक्सानी (Accumulated Loss) घटाई कायम हुन आउने कुल नेटवर्थलाई कुल शेयर संख्याले भाग गरेर प्रति शेयर नेटवर्थ निकालिएको छ। कम्पनीको कर्पोरेट कार्यालयको खर्चका कारण सञ्चित नोक्सानी देखिएकाले शेयरको किताबी मूल्य (Face Value) रू. १०० बाट घट्न गई रू. ९९.४७ कायम हुन पुगेको छ। समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको खुद नाफा वा नोक्सानलाई कुल शेयर संख्याले भाग गरी प्रति शेयर आम्दानी गणना गरिएको छ। व्यावसायिक उत्पादनको प्रारम्भिक चरण भएको र वित्तीय खर्चको भारका कारण यसको प्रभाव प्रति शेयर आम्दानीमा देखिएको छ।

2. **व्यवस्थापकीय विश्लेषण:**

(1) **आयोजनाबाट व्यापारिक उत्पादन:** सिन्धुपाल्चोक जिल्लामा अवस्थित कम्पनीको १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाले मिति २०८२ असोज २० गतेदेखि व्यापारिक उत्पादन (Commercial Operation) सुरु गरी सञ्चालन चरणमा प्रवेश गरेको छ। सो अवधिसम्म भएका आयोजनाका सम्पूर्ण खर्चहरू पूँजीकरण गरिएको छ, जसले गर्दा कम्पनीको जोखिम प्रोफाइल निर्माणकालीन जोखिमबाट सञ्चालनकालीन जोखिममा रूपान्तरण भइसकेको छ। यस त्रैमासिक (श्रावण देखि असोज मसान्तसम्म) को पूर्ण अवधिभर विद्युत् उत्पादन तथा बिक्री भएकाले कम्पनी रू. ७५ करोड ८९ लाख आम्दानी गर्न सफल भएको छ। निर्माण चरणबाट सञ्चालन चरणमा प्रवेश गरेसँगै कम्पनी नाफामा लैजान सफल भएको छ।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

(2) **आयोजनाको व्यावसायिक सञ्चालन र लेखांकन पद्धतिमा परिवर्तन:**

आयोजना निर्माणको चरण सम्पन्न भई मिति २०८२ असोज २० गतेदेखि व्यावसायिक उत्पादन (Commercial Operation Date - COD) सुरु भएको छ। व्यावसायिक उत्पादन सुरु हुनुअघिसम्म आयोजना स्थलमा हुने सम्पूर्ण खर्चहरूलाई निर्माण कार्य प्रगति (Capital Work-in-Progress - CWIP) अन्तर्गत देखाउने गरिएकोमा, COD पश्चातका सम्पूर्ण प्रशासनिक तथा सञ्चालन खर्चहरूलाई नाफा-नोक्सान हिसाबमा खर्चका रूपमा लेखांकन गरिएको छ। साथै, बैंक ब्याज तथा अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई नाफा-नोक्सान हिसाबमा अन्य आय (Other Income) का रूपमा देखाउने व्यवस्थालाई निरन्तरता दिइएको छ। कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको ब्याजलाई COD मितिभन्दा अगाडिसम्म पूँजीकरण गरी चालू पूँजीगत खातामा देखाइएको थियो भने व्यावसायिक उत्पादन सुरु भएपश्चातको ब्याज रकमलाई सिधै नाफा-नोक्सान हिसाबमा वित्तीय खर्च (Finance Cost) का रूपमा लेखांकन गरिएको छ।

(3) **कर्जा तथा वित्तीय दायित्वको अवस्था:**

आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन सुरु भएसँगै कम्पनीले आफ्नो वित्तीय दायित्व व्यवस्थापन र कर्जा भुक्तानी प्रक्रियालाई उच्च प्राथमिकतामा राखेको छ। यस त्रैमासिक अवधिसम्मको कर्जा तथा वित्तीय दायित्वको संक्षिप्त विवरण निम्नानुसार रहेको छ:

- आयोजना निर्माणका लागि कर्मचारी सञ्चय कोषसँग विभिन्न चरणमा भएका ऋण सम्झौता बमोजिम २०८२ असोज मसान्तसम्मको ब्याज पूँजीकरणसहित यस कम्पनीको कोषतर्फको कुल ऋण दायित्व रू. १५,५१,५७,४२,०४३।०५ पुगेकोमा आ.व. २०८२/८३ को पुस मसान्तमा प्रथम किस्ता बापत रू. ५६,८०,२०,८७७।१४, चैत मसान्तमा दोस्रो किस्ता बापत रू. ५४,८९,१९,१४५।६१, असार मसान्तमा तेस्रो किस्ता बापत रू. ५३,५५,७६,९६१।५२ तथा आ.व. २०८३/८४ को असोज मसान्तमा चौथो किस्ता बापत रू. ५१,७७,७९,३५९।५७ गरी ऋणको साँवा-ब्याजसहित कुल रू. २,१७,०२,९६,३६३।८४ कोषलाई फिर्ता भुक्तानी गरिसकिएको छ। कोषसँग लिइएको दीर्घकालीन कर्जाको ब्याजदर तेस्रो त्रैमासबाट लागू हुने गरी वार्षिक ७.५ प्रतिशत कायम भएकोमा मिति २०८३/०१/०१ बाट लागू हुने गरी वार्षिक ६.७५ प्रतिशत कायम गरिएको थियो भने हाल मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी वार्षिक ६.३५ प्रतिशत ब्याजदर कायम गरिएको छ।
- कम्पनीको दैनिक प्रशासनिक, कार्य सञ्चालन तथा मर्मत खर्च व्यवस्थापन र नगद प्रवाह सन्तुलनका लागि मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. र नबिल बैंक लि. बाट आवश्यकता अनुसार अल्पकालीन कर्जा लिने गरिएको छ।

(4) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालका घटना तथा अवस्था हालसम्म देखिएका छैनन्। तर मानवीय नियन्त्रणभन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिरको परिस्थिति) को जोखिम भने सदैव रहिरहने छ।

(5) **आगामी अवधिको व्यावसायिक योजना:** आयोजना सञ्चालन चरणमा प्रवेश गरिसकेकाले विद्युत् उत्पादनलाई अधिकतम बिन्दुमा राख्दै सञ्चालन लागत न्यूनीकरण गर्ने कम्पनीको रणनीति रहेको छ। प्राप्त आम्दानीबाट नियमित सञ्चालन खर्च एवं कर्मचारी सञ्चय कोषलगायतका ऋणदाताहरूको साँवा र ब्याज भुक्तानी गरी कम्पनीको नगद प्रवाह सन्तुलित र सुदृढ बनाउनेतर्फ व्यवस्थापन केन्द्रित रहेको छ। साथै, निर्माण प्रकृतिका बाँकी रहेका अन्य खर्चहरू क्रमशः पूँजीकरण हुँदै जाने र विद्युत् बिक्री मार्फत नियमित आम्दानी प्राप्त हुने भएकाले यसअघिका प्रतिवेदनहरूमा देखिने गरेका सञ्चित नोक्सानी उल्लेख्य रूपमा घट्दै जाने अपेक्षा गरिएको छ। यसबाट निकट भविष्यमै प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ र शेयरधनीहरूको प्रतिफलजस्ता वित्तीय सूचकहरूमा सकारात्मक सुधार आउने अपेक्षा छ।

3. <u>कानुनी कारबाही सम्बन्धी विवरण:</u>

समीक्षा अवधिमा कम्पनीले कसैका विरुद्ध मुद्दा दायर गरेको वा कम्पनीविरुद्ध कुनै संस्थागत मुद्दा दायर भएको छैन । साथै, कम्पनीका संस्थापक वा सञ्चालकले वा निजहरूविरुद्ध प्रचलित कानून उल्लङ्घन गरेको आरोपमा कुनै मुद्दा दायर भएको वा कारबाही भएको जानकारी छैन ।

4. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले उतारचढाव हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्य भएका छैनन् । आयोजनाको व्यापारिक उत्पादन सुरु भइसकेकाले कम्पनीले उप्रान्त नियमित आम्दानी प्राप्त गर्नेछ। यसले गर्दा ऋणदातालाई नियमित किस्ता भुक्तानी गरी लगानीकर्ताहरूलाई समेत आगामी वर्षहरूमा प्रतिफल उपलब्ध गराउन सकिने अपेक्षा व्यवस्थापनले लिएको छ ।

(ख) त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण:

शेयरको अधिकतम मूल्य (रू.)	शेयरको न्यूनतम मूल्य (रू.)	शेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको कुल शेयर संख्या
३२७	२४८.५०	३२४	६१	१६,११५	२९,०९,७००

5. **समस्या र चुनौती:**

(1) **आन्तरिक समस्या तथा चुनौती:** आयोजना व्यापारिक सञ्चालनको प्रारम्भिक चरणमा रहेकाले विद्युतीय तथा मेकानिकल उपकरणहरूमा आउन सक्ने प्राविधिक समस्याहरूको तत्काल पहिचान र समाधान गरी विद्युत् उत्पादनलाई निरन्तरता दिनु मुख्य चुनौती रहेको छ । विशेषगरी हिउँदको सुख्खायामसँगै नदीमा पानीको बहाव घट्न गई आयोजनाले पूर्ण क्षमतामा उत्पादन दिन नसक्ने प्राकृतिक सीमालाई मध्यनजर गर्दै, उपलब्ध पानीको अधिकतम उपयोग गरी प्लान्टको उपलब्धता सुनिश्चित गर्न उपयुक्त मर्मत-सम्भार तालिका कार्यान्वयनमा ल्याइएको छ । इलेक्ट्रो-मेकानिकल उपकरणहरूको नियमित मर्मत (Preventive Maintenance) र आवश्यक स्पेयर पार्ट्सको पर्याप्त मौज्दात कायम राख्नुलाई समेत कम्पनीले प्राथमिकतामा राखेको छ।

(2) **बाह्य समस्या तथा चुनौती:** विगतमा नेपाल विद्युत् प्राधिकरणको बाह्रबिसे सब-स्टेसन निर्माणमा भएको ढिलाइका कारण न्यू खिम्ती सब-स्टेसनमार्फत वैकल्पिक रूपमा 'Take and Pay' को प्रावधान अन्तर्गत विद्युत् प्रवाह गर्नुपरेको अवस्था थियो, जसले गर्दा पूर्ण क्षमतामा विद्युत् निकासी तथा आम्दानीमा प्रतिकूल असर पर्न सक्ने जोखिम रहेको थियो। हाल बाह्रबिसे सब-स्टेसनको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई आयोजनाबाट उत्पादित विद्युत्, विद्युत् खरिद-बिक्री सम्झौता (PPA) को साविक व्यवस्था अनुसार नै मिति २०८३/०७/१७ देखि राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध भई निकासी भइरहेको छ । निकट भविष्यमा आवश्यक प्रक्रिया पूरा गरी 'Take or Pay' को प्रावधान लागू गर्ने व्यवस्था मिलाउने लक्ष्य कम्पनीले राखेको छ। यसका अतिरिक्त वित्तीय बजारमा हुने ब्याजदरको उतारचढावलाई समेत कम्पनीले बाह्य वित्तीय चुनौतीका रूपमा लिएको छ ।

(3) **नगद प्रवाह र वित्तीय व्यवस्थापन रणनीति:** समीक्षा अवधिमा कम्पनी विद्युत् बिक्रीबाट आम्दानी गर्न सफल भएको छ। यद्यपि, आयोजना पूँजीकरण भएसँगै अबका दिनमा नाफा-नोक्सान हिसाबमा ह्रासकट्टी र ब्याज खर्चको ठूलो भार देखिने हुँदा आम्दानी र खर्चको सन्तुलन मिलाई नगद प्रवाह व्यवस्थापन गर्नु मुख्य कार्यभार रहेको छ ।

(4) **बिमा तथा जोखिम व्यवस्थापन:** सम्भावित प्राकृतिक तथा प्राविधिक जोखिमहरूबाट आयोजनालाई सुरक्षित राख्न कम्पनीले उच्च प्राथमिकता दिएको छ । यस अन्तर्गत आयोजनाका सम्पूर्ण भौतिक संरचना तथा उपकरणहरूको Property All Risks, Machinery Breakdown, Loss of Revenue र Third Party Liability लाई समेट्ने गरी सञ्चालनकालीन बृहत्तर बीमा (Comprehensive Operational

MBK JCL ESTD. 2010

Insurance Policy) लागू गरिसकिएको छ । साथै, आयोजना व्यापारिक उत्पादनमा गइसकेको भए तापनि हाल मुख्य ठेकेदार कम्पनीहरूको त्रुटि सच्याउने अवधि (Defect Liability Period - DLP) चालू रहेको र सो अवधिभर सिभिल एवं इलेक्ट्रोमेकानिकल ठेकेदारहरूले समेत आ-आफ्नो दायित्व अन्तर्गतको बिमा (Insurance) कायम राखेकाले आयोजनाको सम्पत्ति तथा उपकरणहरू थप सुरक्षित रहेका छन् ।

6. **संस्थागत सुशासन:**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यहरूलाई सुव्यवस्थित र पारदर्शी बनाउन आर्थिक प्रशासन तथा खरिद विनियमावली एवं कर्मचारी सेवा शर्त विनियमावलीको अधीनमा रही समस्त प्रशासनिक र वित्तीय कार्यहरू सम्पादन गर्ने गरिएको छ । सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कार्यालय सञ्चालन गरिएको छ । कम्पनीको मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत् प्राधिकरणबाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन् । साथै, आउटसोर्सिङ सम्झौता गरी Chesco मार्फत आवश्यक प्राविधिक कर्मचारीहरू उपलब्ध गराई प्लान्टको सञ्चालन एवं मर्मत-सम्भारको कार्य अगाडि बढाइएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्याङ्कन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरू गठन गरिएका छन् । कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन स्वतन्त्र आन्तरिक लेखापरीक्षक मार्फत लेखापरीक्षण गराउने व्यवस्था मिलाइएको छ भने धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रारको कार्यालय र नेप्सेका निर्देशनहरूको समयमै परिपालना गर्ने गरिएको छ । संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीजस्ता विषयलाई पनि प्राथमिकता दिई कार्यान्वयन गरिएको छ ।

7. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने-बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्णतामा आधारित छन् भन्ने विश्वास लिएको छु । लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन । थप जानकारीको आवश्यकता महसुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको कदमलाई सधैँ स्वागतयोग्य ठान्नेछु ।

अनुसूची— १६
(धितोपत्र निष्काशन तथा दर्ता नियमावली, २०७३ को
नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण
तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरू:

१. संगठित संस्थाको विनियममा संशोधन भएमा – छैन ।
२. तात्विक असर पर्ने व्यावसायिक सम्झौता (Material Business Agreement) – छैन ।
३. तात्विक असर पर्ने व्यावसायिक सम्झौता (Material Business Agreement) को समाप्ति – छैन ।
४. तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरिद/बिक्री सम्बन्धी विवरण – छैन ।
५. कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण – छैन ।
६. व्यवसाय/सेवाबाट बर्हिगमन सम्बन्धी विवरण – छैन ।
७. सम्पत्तिको पुनर्मूल्याङ्कन सम्बन्धी विवरण – आयोजना सम्पन्न भई सो अवधि (२०८२/०६/१९) सम्म लेखांकन भएका खर्च रकमहरू यस आ.व. को प्रथम त्रैमासिकमा पूँजीकरण भएको ।
८. लेखापरीक्षक परिवर्तन भएमा – आ.व. २०८२/०८३ को आय-व्यय हिसाब लेखापरीक्षण गर्ने लेखापरीक्षक श्री सुजित वाग्ले, S.A.N.S. Associates, Chartered Accountants, महाराजगञ्ज, काठमाडौंलाई कम्पनीको मिति २०८२ पुस २७ मा सम्पन्न पछिल्लो वार्षिक साधारण सभा (१३औं तथा १४औं) बाट नियुक्त गरिएको ।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

९. संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा –

- यस कम्पनीको प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि.को प्रतिनिधित्व गर्दै सञ्चालक समितिको अध्यक्ष रहनुभएका श्री फणिन्द्रराज जोशीज्यू उमेर हदका कारण मिति २०८३।०५।०४ देखि नेपाल विद्युत प्राधिकरणको सेवाबाट अनिवार्य अवकाश हुनुभएको छ। तत्पश्चात रिक्त अध्यक्ष पदमा चिलिमे जलविद्युत कम्पनी लि.कै प्रतिनिधित्व गरी मिति २०८३।०५।२४ को सञ्चालक समिति बैठकबाट सञ्चालक पदको शपथ ग्रहण गर्नुभएका श्री मदन तिम्सिनाज्यूलाई सोही मितिदेखि लागू हुने गरी सर्वसम्मत रूपमा सञ्चालक समितिको अध्यक्ष चयन हुनु भई कार्यभार सम्हाल्दै आउनु भएको छ।
- नेपाल विद्युत प्राधिकरणबाट काज खटिई मिति २०८२।१२।२० देखि वित्त प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनुभएका लेखा अधिकृत श्री प्रकाश कुँवर प्राधिकरणमा काज फिर्ता हुनुभई, मिति २०८३।०५।२४ को सञ्चालक समिति बैठकको निर्णयानुसार कम्पनीका कम्पनी सचिव श्री कमल प्रसाद पण्डितलाई वित्त प्रमुखको थप जिम्मेवारी प्रदान गरिएको छ।
- प्रमुख कार्यकारी अधिकृत पदका लागि मिति २०७७।१२।०९ मा श्री राम गोपाल शिवाकोटीसँग गरिएको करार सेवा सम्झौताको म्याद मिति २०८३।०६।०८ मा समाप्त हुन लागेकाले, सञ्चालक समितिको मिति २०८३।०६।०४ को निर्णयानुसार मिति २०८३।०६।०९ देखि लागू हुने गरी थप ६ (छ) महिनाका लागि (मिति २०८३।१२।०८ सम्म) सम्झौता नवीकरण गरिएको छ।

१०. संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा – छैन।
११. शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा – छैन।
१२. व्यवसायको प्रकृति परिवर्तन भएमा – छैन।
१३. लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा – छैन।
१४. शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा – छैन।
१५. प्रतिफलको लागि शेयर निष्काशन गरेमा – छैन।
१६. संगठित संस्थाले दायर गरेको वा संगठित संस्थाविरुद्ध दायर भएको मुद्दा – छैन।
१७. संगठित संस्थाबाट जारी गरिएको सूचना – छैन।
१८. पूर्वघोषित वित्तीय विवरणहरूमा त्रुटि भएमा – आवश्यकता अनुसार परिमार्जन गर्ने गरिएको छ।
१९. ठेगाना परिवर्तन भएमा – छैन।
२०. व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी – छैन।
२१. नामसारी दाखिल खारेज बन्द – छैन।
२२. कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर – छैन।
२३. <u>आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भइसक्दा पनि वार्षिक साधारण सभा नभएमा – छैन।</u>
यस कम्पनीको आ.व. २०८०/०८१ एवं आ.व. २०८१/८२ को लेखापरीक्षण भएका वित्तीय विवरणसहितको वार्षिक प्रतिवेदन स्वीकृतिका लागि मिति २०८२ पुस २७ गते कम्पनीको १३औं तथा १४औं वार्षिक साधारण सभा सम्पन्न भएको।
यस कम्पनीको आ.व.२०८०।०८१ एवं आ.व.२०८१।८२ को लेखा परीक्षण भएका वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन स्वीकृतिका लागि मिति २०८२ पौष २७ गते कम्पनीको १३औं तथा १४औं वार्षिक साधारण सभा सम्पन्न भएको।
२४. सूचीकरण खारेज भएको सूचना वा सूचीकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा – छैन।
२५. संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना – आयोजना सम्पन्न भई मिति २०८२ असोज २० गतेदेखि व्यापारिक उत्पादन सुरु भएको।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

Madhya Bhotekoshi Jalavidyut Company Limited

Maharajgunj, Kathmandu

Statement of Financial Position (Unaudited)

As on 31st Ashwin 2083 (17th October 2026) (1st Quarter of FY 2083/84)

(Rs.'000)

Particulars	2083.06.31 (17.10.2026)	2083.03.32 (16.07.2026)	2082.06.30 (17.10.2025)
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	21,353,590.84	21,567,367.34	22,035,478.79
Capital Work-in-Progress	4,404.28	-	3,889.37
Total Non-Current Assets(A)	**21,357,994.11**	**21,567,367.34**	**22,039,368.16**
Current Assets			
Inventory	867.72	783.46	624.25
Accounts Receivables	489,529.56	519,281.75	101,850.91
Advances, Deposits and Other Receivables	121,621.04	123,410.32	111,403.06
Investment in Term Deposits	-	-	-
Cash and Cash Equivalents	26,193.13	11,100.87	150,500.81
Total Current Assets (B)	**638,210.45**	**654,576.41**	**364,379.03**
Total Assets (A+B)	**21,996,204.57**	**22,221,943.76**	**22,403,747.19**
Equity and Liabilities			
Equity			
Share Capital	6,000,000.00	6,000,000.00	6,000,000.00
Retained Earnings	(31,845.71)	(227,952.36)	(376,647.36)
Total Equity (C)	**5,968,154.29**	**5,772,047.64**	**5,623,352.64**
Non-current Liabilities			
Long-term Borrowing	15,157,005.17	15,429,602.67	16,255,032.57
Total Non-current Liabilities (D)	**15,157,005.17**	**15,429,602.67**	**16,255,032.57**
Current Liabilities			
Short-term Borrowing	300,000.00	440,000.00	-
Provisions	121,964.18	122,160.13	2,869.28
Trade and Other Payables	449,080.92	458,133.32	522,492.70
Total Current Liabilities (E)	**871,045.10**	**1,020,293.44**	**525,361.98**
Total Equity and Liabilities (C+D+E)	**21,996,204.57**	**22,221,943.76**	**22,403,747.19**

मिति २०८३।०७।२१ गते शनिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित

Statement of Financial Performance (Unaudited)

Upto 31st Ashwin 2083 (17th October 2026) (1st Quarter of FY 2083/84)

(Rs.'000)

Particulars	FY 2083/084 (Upto Ashwin) (2026/027)	FY 2082/083 (Upto Ashad) (2025/026)	FY 2082/083 (Upto Ashad) (2025/026)
Income			
Revenue from sale of electricity	758,901.91	2,144,669.86	101,850.91
Direct Expenses	(37,265.80)	(171,087.22)	(1,500.08)
Royalty Expenses	(15,178.04)	(53,093.40)	(2,887.02)
Gross Profit	**706,458.08**	**1,920,489.25**	**97,463.81**
Other Operating Expenses			
Employee Benefit Expenses	(6,543.63)	(20,232.56)	(5,970.21)
Administrative Expenses	(3,773.99)	(27,741.56)	(4,262.98)
Depreciation	(242,239.34)	(755,842.14)	(26,891.01)
Operating Profit/ (Loss) (A)	**453,901.11**	**1,116,672.99**	**60,339.61**
Finance Income	80.88	1,326.52	325.61
Other Income	284.40	485.87	35.00
Total Income (B)	**365.28**	**1,812.39**	**360.61**
Finance Cost	(258,159.74)	(951,595.74)	(42,505.57)
Exchange Loss	-	-	-
Profit/ (Loss) Before tax and Bonus (A-B)	**196,106.66**	**166,889.64**	**18,194.65**
Employee Bonus	-	-	-
Profit/ (Loss) Before tax	**196,106.66**	**166,889.64**	**18,194.65**
Less: Tax			
Current year tax	-	-	-
Prior year Tax	-	-	-
Net Profit/ (Loss) for the period	**196,106.66**	**166,889.64**	**18,194.65**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(क) प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(ख) **प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन्** :

विवरण	२०८३।८४ आश्विन मसान्त	२०८२।८३ आश्विन मसान्त
प्रति शेयर आम्दानी (वार्षिकीकरण गरिएको)	१३.०७	१.१०
प्रतिशेयर नेटवर्थ	९९.४७	९३.६९
मूल्य आम्दानी अनुपात (P/E Ratio)*	२४.७९	२४५.७३
प्रति शेयर कुल सम्पत्तिको मूल्य	३६६.६०	३७३.४०
तरलता अनुपात	०.७३	०.६८

*(P/E Ratio गणना गर्दा त्रैमासिकको अन्तिम बजार मूल्य लाई आधार मानिएको छ।)

आ.व. २०८२/८३ को दोस्रो त्रैमासिकबाट कम्पनी पूर्ण रूपमा उत्पादन चरणमा प्रवेश गरेकाले अधिल्लो वर्षको सोही अवधिको तथ्याङ्कसँग तुलना गर्दा स्वाभाविक भिन्नता देखिएको छ। कम्पनीको चक्ता पूँजीबाट वासलातमा देखिएको सञ्चित नोक्सानी (Accumulated Loss) घटाई कायम हुन आउने कुल नेटवर्थलाई कुल शेयर संख्याले भाग गरेर प्रति शेयर नेटवर्थ निकालिएको छ। कम्पनीको कर्पोरेट कार्यालयको खर्चका कारण सञ्चित नोक्सानी देखिएकाले शेयरको किताबी मूल्य (Face Value) रू. १०० बाट घट्न गई रू. ९९.४७ कायम हुन पुगेको छ । समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको खुद नाफा वा नोक्सानलाई कुल शेयर संख्याले भाग गरी प्रति शेयर आम्दानी गणना गरिएको छ। व्यावसायिक उत्पादनको प्रारम्भिक चरण भएको र वित्तीय खर्चको भारका कारण यसको प्रभावप्रति शेयर आम्दानीमा देखिएको छ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) **आयोजनाबाट व्यापारिक उत्पादन:** सिन्धुपाल्चोक जिल्लामा अवस्थित कम्पनीको १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाले मिति २०८२ असोज २० गतेदेखि व्यापारिक उत्पादन (Commercial Operation) सुरु गरी सञ्चालन चरणमा प्रवेश गरेको छ। सो अवधिसम्म भएका आयोजनाका सम्पूर्ण खर्चहरू पूँजीकरण गरिएको छ, जसले गर्दा कम्पनीको जोखिम प्रोफाइल निर्माणकालीन जोखिमबाट सञ्चालनकालीन जोखिममा रूपान्तरण भइसकेको छ। यस त्रैमासिक (श्रावण देखि असोज मसान्तसम्म) को पूर्ण अवधिभर विद्युत् उत्पादन तथा बिक्री भएकाले कम्पनी रू. ७५ करोड ८९ लाख आम्दानी गर्न सफल भएको छ। निर्माण चरणबाट सञ्चालन चरणमा प्रवेश गरेसँगै कम्पनी नाफामा लैजान सफल भएको छ।

(ख) **आयोजनाको व्यावसायिक सञ्चालन र लेखांकन पद्धतिमा परिवर्तन:** आयोजना निर्माणको चरण सम्पन्न भई मिति २०८२ असोज २० गतेदेखि व्यावसायिक उत्पादन (Commercial Operation Date - COD) सुरु भएको छ। व्यावसायिक उत्पादन सुरु हुनु अघिसम्म आयोजना स्थलमा हुने सम्पूर्ण खर्चहरूलाई निर्माण कार्य प्रगति (Capital Work-in-Progress - CWIP) अन्तर्गत देखाउने गरिएकोमा, COD पश्चातका सम्पूर्ण प्रशासनिक तथा सञ्चालन खर्चहरूलाई नाफा-नोक्सान हिसाबमा खर्चका रूपमा लेखांकन गरिएको छ। साथै, बैंक ब्याज तथा अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई नाफा-नोक्सान हिसाबमा अन्य आय (Other Income) का रूपमा देखाउने व्यवस्थालाई निरन्तरता दिइएको छ। कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको ब्याजलाई COD मितिभन्दा अगाडिसम्म पूँजीकरण गरी चालू पूँजीगत खातामा देखाइएको थियो भने व्यावसायिक उत्पादन सुरु भए पश्चातको ब्याज रकमलाई सिधै नाफा-नोक्सान हिसाबमा वित्तीय खर्च (Finance Cost) का रूपमा लेखांकन गरिएको छ।

(ग) **कर्जा तथा वित्तीय दायित्वको अवस्था:** आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन सुरु भएसँगै कम्पनीले आफ्नो वित्तीय दायित्व व्यवस्थापन र कर्जा भुक्तानी प्रक्रियालाई उच्च प्राथमिकतामा राखेको छ। यस त्रैमासिक अवधिसम्मको कर्जा तथा वित्तीय दायित्वको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

- आयोजना निर्माणका लागि कर्मचारी सञ्चय कोषसँग विभिन्न चरणमा भएका ऋण सम्झौता बमोजिम २०८२ असोज मसान्तसम्मको ब्याज पूँजीकरण सहित यस कम्पनीको कोषतर्फको कुल ऋण दायित्व रू.१५,५१,५७,४२,०४३।०५ पुगेकोमा आ.व. २०८२/८३ को पुस मसान्तमा प्रथम किस्ता बापत रू.५६,८०,२०,८७७।१४, चैत मसान्तमा दोस्रो किस्ता बापत रू.५४,८९,१९,१४५।६१, असार मसान्तमा तेस्रो किस्ता बापत रू.५३,५५,७६,९६१।५२ तथा आ.व. २०८३/८४ को असोज मसान्तमा चौथो किस्ता बापत रू.५१,७७,७९,३५९।५७ गरी ऋणको साँवा-ब्याज सहित कुल रू.२,१७,०२,९६,३६३।८४ कोषलाई फिर्ता भुक्तानी गरिसकिएको छ। कोषसँग लिइएको दीर्घकालीन कर्जाको ब्याजदर तेस्रो त्रैमासबाट लागू हुने गरी वार्षिक ७.५ प्रतिशत कायम भएकोमा मिति २०८३/०१/०१ बाट लागू हुने गरी वार्षिक ६.७५ प्रतिशत कायम गरिएको थियो भने हाल मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी वार्षिक ६.३५ प्रतिशत ब्याजदर कायम गरिएको छ।
- कम्पनीको दैनिक प्रशासनिक, कार्य सञ्चालनतथा मर्मत खर्च व्यवस्थापन र नगद प्रवाह सन्तुलनका लागि मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. र नबिल बैंक लि. बाट आवश्यकता अनुसार अल्पकालीन कर्जा लिने गरिएको छ।

(घ) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालका घटना तथा अवस्था हालसम्म देखिएका छैनन्। तर मानवीय नियन्त्रणभन्दा बाहिरको दैवीप्रकोप (काबू बाहिरको परिस्थिति) को जोखिम भने सदैव रहिरहने छ।

(ङ) **आगामी अवधिको व्यवसायिक योजना:** आयोजना सञ्चालन चरणमा प्रवेश गरिसकेकाले विद्युत् उत्पादनलाई अधिकतम बिन्दुमा राख्दै सञ्चालन लागत न्यूनीकरण गर्ने कम्पनीको रणनीति रहेको छ। प्राप्त आम्दानीबाट नियमित सञ्चालन खर्च एवं कर्मचारी सञ्चय कोष लगायतका ऋणदाताहरूको साँवा र ब्याज भुक्तानी गरी कम्पनीको नगद प्रवाह सन्तुलित र सुदृढ बनाउने तर्फ व्यवस्थापन केन्द्रित रहेको छ। साथै, निर्माण प्रकृतिका बाँकी रहेका अन्य खर्चहरू क्रमशः पूँजीकरण हुँदै जाने र विद्युत् बिक्री मार्फत नियमित आम्दानी प्राप्त हुने भएकाले यस अघिका प्रतिवेदनहरूमा देखिने गरेका सञ्चित नोक्सानी उल्लेख्य रूपमा घट्दै जाने अपेक्षा गरिएको छ। यसबाट निकट भविष्यमै प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ र शेयरधनीहरूको प्रतिफल जस्ता वित्तीय सूचकहरूमा सकारात्मक सुधार आउने अपेक्षा छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

समीक्षा अवधिमा कम्पनीले कसैका विरुद्ध मुद्दा दायर गरेको वा कम्पनी विरुद्ध कुनै संस्थागत मुद्दा दायर भएको छैन। साथै, कम्पनीका संस्थापक वा सञ्चालकले वा निजहरू विरुद्ध प्रचलित कानून उल्लङ्घन गरेको आरोपमा कुनै मुद्दा दायर भएको वा कारबाही भएको जानकारी छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले उतार चढाव हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्य भएका छैनन्। आयोजनाको व्यापारिक उत्पादन सुरु भइसकेकाले कम्पनीले उप्रान्त नियमित आम्दानी प्राप्त गर्नेछ। यसले गर्दा ऋणदातालाई नियमित किस्ता भुक्तानी गरी लगानीकर्ताहरूलाई समेत आगामी वर्षहरूमा प्रतिफल उपलब्ध गराउन सकिने अपेक्षा व्यवस्थापनले लिएको छ।

(ख) **त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण** :

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको कुल शेयर संख्या
३२७	२४८.५०	३२४	६१	१६,११५	२९,०९,७००

५. **समस्या तथा चुनौति:**

(क) **आन्तरिक समस्या तथा चुनौती:** आयोजना व्यापारिक सञ्चालनको प्रारम्भिक चरणमा रहेकाले विद्युतीय तथा मेकानिकल उपकरणहरूमा आउन सक्ने प्राविधिक समस्याहरूको तत्काल पहिचान र समाधान गरी विद्युत् उत्पादनलाई निरन्तरता दिनु मुख्य चुनौती रहेको छ। विशेष गरी हिउँदको सुख्खायामसँगै नदीमा पानीको बहाव घट्न गई आयोजनाले पूर्ण क्षमतामा उत्पादन दिन नसक्ने प्राकृतिक सीमालाई मध्यनजर गर्दै, उपलब्ध पानीको अधिकतम उपयोग गरी प्लान्टको उपलब्धता सुनिश्चित गर्न उपयुक्त मर्मत-सम्भार तालिका कार्यान्वयनमा ल्याइएको छ। इलेक्ट्रो-मेकानिकल उपकरणहरूको नियमित मर्मत (Preventive Maintenance) र आवश्यक स्पेयर पार्ट्सको पर्याप्त मौज्दात कायम राख्नुलाई समेत कम्पनीले प्राथमिकतामा राखेको छ।

(ख) **बाह्य समस्या तथा चुनौती:** विगतमा नेपाल विद्युत् प्राधिकरणको बाह्रबिसे सब-स्टेसन निर्माणमा भएको ढिलाइका कारण न्यू खिम्ती सब-स्टेसन मार्फत वैकल्पिक रूपमा Take and Pay को प्रावधान अन्तर्गत विद्युत् प्रवाह गर्नु परेको अवस्था थियो, जसले गर्दा पूर्ण क्षमतामा विद्युत् निकासी तथा आम्दानीमा प्रतिकूल असर पर्न सक्ने जोखिम रहेको थियो। हाल बाह्रबिसे सब-स्टेसनको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई आयोजनाबाट उत्पादित विद्युत्, विद्युत् खरिद-बिक्री सम्झौता (PPA) को सार्विक व्यवस्था अनुसार नै मिति २०८३/०७/१७ देखि राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध भई निकासी भइरहेको छ। निकट भविष्यमा आवश्यक प्रक्रिया पूरा गरी Take or Pay को प्रावधान लागू गर्ने व्यवस्था मिलाउने लक्ष्य कम्पनीले राखेको छ। यसका अतिरिक्त वित्तीय बजारमा हुने ब्याजदरको उतार चढावलाई समेत कम्पनीले बाह्य वित्तीय चुनौतीका रूपमा लिएको छ।

(ग) **नगद प्रवाह र वित्तीय व्यवस्थापन रणनीति:** समीक्षा अवधिमा कम्पनी विद्युत् बिक्रीबाट आम्दानी गर्न सफलभएको छ। यद्यपि, आयोजना पूँजीकरण भएसँगै अबका दिनमा नाफा-नोक्सान हिसाबमा ह्रासकट्टी र ब्याज खर्चको ठूलो भार देखिने हुँदा आम्दानी र खर्चको सन्तुलन मिलाई नगद प्रवाह व्यवस्थापन गर्नु मुख्य कार्यभार रहेको छ।

(घ) **बिमा तथा जोखिम व्यवस्थापन:** सम्भावित प्राकृतिक तथा प्राविधिक जोखिमहरूबाट आयोजनालाई सुरक्षित राख्न कम्पनीले उच्च प्राथमिकता दिएको छ। यस अन्तर्गत आयोजनाका सम्पूर्ण भौतिक संरचना तथा उपकरणहरूका Property All Risks, Machinery Breakdown, Loss of Revenue र Third Party Liability लाई समेट्ने गरी सञ्चालनकालीन बृहत्तर बीमा (Comprehensive Operational Insurance Policy) लागू गरिसकिएको छ। साथै, आयोजना व्यापारिक उत्पादनमा गइसकेको भएतापनि हाल मुख्य ठेकेदार कम्पनीहरूको त्रुटि सच्याउने अवधि (Defect Liability Period - DLP) चालू रहेको र सो अवधिभर सिभिल एवं इलेक्ट्रोमेकानिकल ठेकेदारहरूले समेत आ-आफ्नो दायित्व अन्तर्गतको बिमा (Insurance) कायम राखेकाले आयोजनाको सम्पत्ति तथा उपकरणहरू थप सुरक्षित रहेका छन्।

६. **संस्थागत सुशासन:** कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यहरूलाई सुव्यवस्थित र पारदर्शी बनाउन आर्थिक प्रशासन तथा खरिद विनियमावली एवं कर्मचारी सेवा शर्त विनियमावलीको अधीनमा रही समस्त प्रशासनिक र वित्तीयकार्यहरू सम्पादन गर्ने गरिएको छ। सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कार्यालय सञ्चालन गरिएको छ। कम्पनीको मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत् प्राधिकरणबाट एकजना कर्मचारी काजमा आई कार्यरत रहेका छन्। साथै, आउट सोर्सिङ सम्झौता गरी Chesco. मार्फत आवश्यक प्राविधिक कर्मचारीहरू उपलब्ध गराई प्लान्टको सञ्चालन एवं मर्मत-सम्भारको कार्य अगाडि बढाइएको छ। कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्याङ्कन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरू गठन गरिएका छन्। कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन स्वतन्त्र आन्तरिक लेखापरीक्षक मार्फत लेखापरीक्षण गराउने व्यवस्था मिलाइएको छ भने धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रारको कार्यालय र नेप्सेका निर्देशनहरूको समयमै परिपालना गर्ने गरिएको छ। संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठी जस्ता विषयलाई पनिप्राथमिकता दिई कार्यान्वयन गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्णतामा आधारित भनी विश्वाश लिएको छु। लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन। थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको कदमलाई सधै स्वागत योग्य ठान्ने छु।

मिति २०८३।०७।२१ गते शनिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित

नयाँ पत्रिका

nayapatrikadaily.com

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

कात्तिक २०८३, शनिबार (7 Nov 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २०० ■ पृष्ठ ८

nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/

आनीको नियुक्ति खारेजी माग्दै प्रदर्शन

भैरहवा/ लुम्बिनी विकास कोषका नवनियुक्त उपाध्यक्ष आनी छोइङको नियुक्ति खारेजीको माग राख्दै शुक्रबार लुम्बिनीमा प्रदर्शन भएको छ। लुम्बिनी बचाऊ महाअभियानको आयोजनामा स्थानीय, जेन-जी, महाअभियानका पदाधिकारीले लुम्बिनीको पर्चा चोकदेखि लुम्बिनी विकास कोषको कार्यालयसम्म प्रदर्शन गरेका हुन्। कोणसभालाई सम्बोधन गर्दै महाअभियानका संयोजक अक्रम खाँले विधि र प्रक्रिया मिचेर गरिएको नियुक्ति सुशासनको मान्यताविपरीत रहेको बताए। उनले नियुक्ति तत्काल बदर गर्न सरकारसँग माग गरे। महाअभियानका सहसंयोजक मेघनाथ आचार्यले योग्य र निष्पक्ष विज्ञलाई पन्छाएर विकास कोषलाई राजनीतिक नियुक्तिको केन्द्र बनाइएको आरोप लगाए।

योग्यता र पारदर्शितालाई तिरस्कार गर्दै प्रतिस्पर्धाको मर्ममाथि कुठाराघात गरिएको आचार्यले बताए। महाअभियानका प्रवक्ता रामविकास चौधरीले नियुक्ति बदर नगरे तिहारपछि आन्दोलन सुरु गर्ने चेतावनी दिए।

MBK JCL

Madhya Bhotekoshi Jalavidyut Company Limited

Maharajgunj, Kathmandu

Statement of Financial Position (Unaudited)

As on 31st Ashwin 2083 (17th October 2026) (1st Quarter of FY 2083/84)

(Rs.'000)

Particulars	2083.06.31 (17.10.2026)	2083.03.32 (16.07.2026)	2082.06.30 (17.10.2025)
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	21,353,590.84	21,567,367.34	22,035,478.79
Capital Work-in-Progress	4,404.28	-	3,889.37
Total Non-Current Assets(A)	**21,357,994.11**	**21,567,367.34**	**22,039,368.16**
Current Assets			
Inventory	867.72	783.46	624.25
Accounts Receivables	489,529.56	519,281.75	101,850.91
Advances, Deposits and Other Receivables	121,621.04	123,410.32	111,403.06
Investment in Term Deposits	-	-	-
Cash and Cash Equivalents	26,193.13	11,100.87	150,500.81
Total Current Assets (B)	**638,210.45**	**654,576.41**	**364,379.03**
Total Assets (A+B)	**21,996,204.57**	**22,221,943.76**	**22,403,747.19**
Equity and Liabilities			
Equity			
Share Capital	6,000,000.00	6,000,000.00	6,000,000.00
Retained Earnings	(31,845.71)	(227,952.36)	(376,647.36)
Total Equity (C)	**5,968,154.29**	**5,772,047.64**	**5,623,352.64**
Non-current Liabilities			
Long-term Borrowing	15,157,005.17	15,429,602.67	16,255,032.57
Total Non-current Liabilities (D)	**15,157,005.17**	**15,429,602.67**	**16,255,032.57**
Current Liabilities			
Short-term Borrowing	300,000.00	440,000.00	-
Provisions	121,964.18	122,160.13	2,869.28
Trade and Other Payables	449,080.92	458,133.32	522,492.70
Total Current Liabilities (E)	**871,045.10**	**1,020,293.44**	**525,361.98**
Total Equity and Liabilities (C+D+E)	**21,996,204.57**	**22,221,943.76**	**22,403,747.19**

Statement of Financial Performance (Unaudited)

Upto 31st Ashwin 2083 (17th October 2026) (1st Quarter of FY 2083/84)

(Rs.'000)

Particulars	FY 2083/084 (Upto Ashwin) (2026/027)	FY 2082/083 (Upto Ashad) (2025/026)	FY 2082/083 (Upto Ashad) (2025/026)
Income			
Revenue from sale of electricity	758,901.91	2,144,669.86	101,850.91
Direct Expenses	(37,265.80)	(171,087.22)	(1,500.08)
Royalty Expenses	(15,178.04)	(53,093.40)	(2,887.02)
Gross Profit	**706,458.08**	**1,920,489.25**	**97,463.81**
Other Operating Expenses			
Employee Benefit Expenses	(6,543.63)	(20,232.56)	(5,970.21)
Administrative Expenses	(3,773.99)	(27,741.56)	(4,262.98)
Depreciation	(242,239.34)	(755,842.14)	(26,891.01)
Operating Profit/ (Loss) (A)	**453,901.11**	**1,116,672.99**	**60,339.61**
Finance Income	80.88	1,326.52	325.61
Other Income	284.40	485.87	35.00
Total Income (B)	**365.28**	**1,812.39**	**360.61**
Finance Cost	(258,159.74)	(951,595.74)	(42,505.57)
Exchange Loss	-	-	-
Profit/ (Loss) Before tax and Bonus (A-B)	**196,106.66**	**166,889.64**	**18,194.65**
Employee Bonus	-	-	-
Profit/ (Loss) Before tax	**196,106.66**	**166,889.64**	**18,194.65**
Less: Tax			
Current year tax	-	-	-
Prior year Tax	-	-	-
Net Profit/ (Loss) for the period	**196,106.66**	**166,889.64**	**18,194.65**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(क) प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(ख) प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन् :

विवरण	२०८३।८४ आश्विन मसान्त	२०८२।८३ आश्विन मसान्त
प्रति शेयर आम्दानी (वार्षिकीकरण गरिएको)	१३.०७	१.१०
प्रतिशेयर नेटवर्थ	९९.४७	९३.६९
मूल्य आम्दानी अनुपात (P/E Ratio)*	२४.७९	२४५.७३
प्रति शेयर कुल सम्पत्तिको मूल्य	३६६.६०	३७३.४०
तरलता अनुपात	०.७३	०.६८

*(P/E Ratio गणना गर्दा त्रैमासिकको अन्तिम बजार मूल्य लाई आधार मानिएको छ।)

आ.व. २०८२/८३ को दोस्रो त्रैमासिकबाट कम्पनी पूर्ण रूपमा उत्पादन चरणमा प्रवेश गरेकाले अघिल्लो वर्षको सोही अवधिको तथ्याङ्कसँग तुलना गर्दा स्वाभाविक भिन्नता देखिएको छ। कम्पनीको चक्ता पूँजीबाट वासलातमा देखिएको सञ्चित नोक्सानी (Accumulated Loss) घटाई कायम हुन आउने कुल नेटवर्थलाई कुल शेयर संख्याले भाग गरेर प्रति शेयर नेटवर्थ निकालिएको छ। कम्पनीको कर्पोरेट कार्यालयको खर्चका कारण सञ्चित नोक्सानी देखिएकाले शेयरको किताबी मूल्य (Face Value) रू. १०० बाट घट्न गई रू. ९९.४७ कायम हुन पुगेको छ। समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको खुद नाफा वा नोक्सानलाई कुल शेयर संख्याले भाग गरी प्रति शेयर आम्दानी गणना गरिएको छ। व्यावसायिक उत्पादनको प्रारम्भिक चरण भएको र वित्तीय खर्चको भारका कारण यसको प्रभावप्रति शेयर आम्दानीमा देखिएको छ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) **आयोजनाबाट व्यापारिक उत्पादन:** सिन्धुपाल्चोक जिल्लामा अवस्थित कम्पनीको १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाले मिति २०८२ असोज २० गतेदेखि व्यापारिक उत्पादन (Commercial Operation) सुरु गरी सञ्चालन चरणमा प्रवेश गरेको छ। सो अवधिसम्म भएका आयोजनाका सम्पूर्ण खर्चहरू पूँजीकरण गरिएको छ, जसले गर्दा कम्पनीको जोखिम प्रोफाइल निर्माणकालीन जोखिमबाट सञ्चालनकालीन जोखिममा रूपान्तरण भइसकेको छ। यस त्रैमासिक (श्रावण देखि असोज मसान्तसम्म) को पूर्ण अवधिभर विद्युत् उत्पादन तथा बिक्री भएकाले कम्पनी रू. ७५ करोड ८९ लाख आम्दानी गर्न सफल भएको छ। निर्माण चरणबाट सञ्चालन चरणमा प्रवेश गरेसँगै कम्पनी नाफामा लैजान सफल भएको छ।

(ख) **आयोजनाको व्यावसायिक सञ्चालन र लेखांकन पद्धतिमा परिवर्तन:** आयोजना निर्माणको चरण सम्पन्न भई मिति २०८२ असोज २० गतेदेखि व्यावसायिक उत्पादन (Commercial Operation Date - COD) सुरु भएको छ। व्यावसायिक उत्पादन सुरु हुनु अघिसम्म आयोजना स्थलमा हुने सम्पूर्ण खर्चहरूलाई निर्माण कार्य प्रगति (Capital Work-in-Progress - CWIP) अन्तर्गत देखाउने गरिएकोमा, COD पश्चातका सम्पूर्ण प्रशासनिक तथा सञ्चालन खर्चहरूलाई नाफा-नोक्सान हिसाबमा खर्चका रूपमा लेखांकन गरिएको छ। साथै, बैंक ब्याज तथा अन्य स्रोतबाट प्राप्त हुने आम्दानीलाई नाफा-नोक्सान हिसाबमा अन्य आय (Other Income) का रूपमा देखाउने व्यवस्थालाई निरन्तरता दिइएको छ। कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको ब्याजलाई COD मितिभन्दा अगाडिसम्म पूँजीकरण गरी चालू पूँजीगत खातामा देखाइएको थियो भने व्यावसायिक उत्पादन सुरु भए पश्चातको ब्याज रकमलाई सिधै नाफा-नोक्सान हिसाबमा वित्तीय खर्च (Finance Cost) का रूपमा लेखांकन गरिएको छ।

(ग) **कर्जा तथा वित्तीय दायित्वको अवस्था:** आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन सुरु भएसँगै कम्पनीले आफ्नो वित्तीय दायित्व व्यवस्थापन र कर्जा भुक्तानी प्रक्रियालाई उच्च प्राथमिकतामा राखेको छ। यस त्रैमासिक अवधिसम्मको कर्जा तथा वित्तीय दायित्वको संक्षिप्त विवरण निम्नानुसार रहेको छ:

- आयोजना निर्माणका लागि कर्मचारी सञ्चय कोषसँग विभिन्न चरणमा भएका ऋण सम्झौता बमोजिम २०८२ असोज मसान्तसम्मको ब्याज पूँजीकरण सहित यस कम्पनीको कोषतर्फको कुल ऋण दायित्व रू.१५,५१,५७,४२,०४३।०५ पुगेकोमा आ.व. २०८२/८३ को पुस मसान्तमा प्रथम किस्ता बापत रू.५६,८०,२०,८७७।१४, चैत मसान्तमा दोस्रो किस्ता बापत रू.५४,८९,१९,१४५।६१, असार मसान्तमा तेस्रो किस्ता बापत रू.५३,५५,७६,९६१।५२ तथा आ.व. २०८३/८४ को असोज मसान्तमा चौथो किस्ता बापत रू.५१,७७,७९,३५९।५७ गरी ऋणको साँवा-ब्याज सहित कुल रू.२,१७,०२,९६,३६३।८४ कोषलाई फिर्ता भुक्तानी गरिसकिएको छ। कोषसँग लिइएको दीर्घकालीन कर्जाको ब्याजदर तेस्रो त्रैमासबाट लागू हुने गरी वार्षिक ७.५ प्रतिशत कायम भएकोमा मिति २०८३/०१/०१ बाट लागू हुने गरी वार्षिक ६.७५ प्रतिशत कायम गरिएको थियो भने हाल मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी वार्षिक ६.३५ प्रतिशत ब्याजदर कायम गरिएको छ।
- कम्पनीको दैनिक प्रशासनिक, कार्य सञ्चालनतथा मर्मत खर्च व्यवस्थापन र नगद प्रवाह सन्तुलनका लागि मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि. र नबिल बैंक लि. बाट आवश्यकता अनुसार अल्पकालीन कर्जा लिने गरिएको छ।

(घ) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालका घटना तथा अवस्था हालसम्म देखिएका छैनन्। तर मानवीय नियन्त्रणभन्दा बाहिरको दैवीप्रकोप (काबू बाहिरको परिस्थिति) को जोखिम भने सदैव रहिरहने छ।

(ङ) **आगामी अवधिको व्यवसायिक योजना:** आयोजना सञ्चालन चरणमा प्रवेश गरिसकेकाले विद्युत् उत्पादनलाई अधिकतम बिन्दुमा राख्दै सञ्चालन लागत न्यूनीकरण गर्ने कम्पनीको रणनीति रहेको छ। प्राप्त आम्दानीबाट नियमित सञ्चालन खर्च एवं कर्मचारी सञ्चय कोष लगायतका ऋणदाताहरूको साँवा र ब्याज भुक्तानी गरी कम्पनीको नगद प्रवाह सन्तुलित र सुदृढ बनाउने तर्फ व्यवस्थापन केन्द्रित रहेको छ। साथै, निर्माण प्रकृतिका बाँकी रहेका अन्य खर्चहरू क्रमशः पूँजीकरण हुँदै जाने र विद्युत् बिक्री मार्फत नियमित आम्दानी प्राप्त हुने भएकाले यस अघिका प्रतिवेदनहरूमा देखिने गरेका सञ्चित नोक्सानी उल्लेख्य रूपमा घट्दै जाने अपेक्षा गरिएको छ। यसबाट निकट भविष्यमै प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ र शेयरधनीहरूको प्रतिफल जस्ता वित्तीय सूचकहरूमा सकारात्मक सुधार आउने अपेक्षा छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

समीक्षा अवधिमा कम्पनीले कसैका विरुद्ध मुद्दा दायर गरेको वा कम्पनी विरुद्ध कुनै संस्थागत मुद्दा दायर भएको छैन। साथै, कम्पनीका संस्थापक वा सञ्चालकले वा निजहरू विरुद्ध प्रचलित कानून उल्लङ्घन गरेको आरोपमा कुनै मुद्दा दायर भएको वा कारबाही भएको जानकारी छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले उतार चढाव हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्य भएका छैनन्। आयोजनाको व्यापारिक उत्पादन सुरु भइसकेकाले कम्पनीले उप्रान्त नियमित आम्दानी प्राप्त गर्नेछ। यसले गर्दा ऋणदातालाई नियमित किस्ता भुक्तानी गरी लगानीकर्ताहरूलाई समेत आगामी वर्षहरूमा प्रतिफल उपलब्ध गराउन सकिने अपेक्षा व्यवस्थापनले लिएको छ।

(ख) त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण :

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार भएको कुल शेयर संख्या
३२७	२४८.५०	३२४	६१	१६,११५	२९,०९,७००

५. **समस्या तथा चुनौति:**

(क) **आन्तरिक समस्या तथा चुनौती:** आयोजना व्यापारिक सञ्चालनको प्रारम्भिक चरणमा रहेकाले विद्युतीय तथा मेकानिकल उपकरणहरूमा आउन सक्ने प्राविधिक समस्याहरूको तत्काल पहिचान र समाधान गरी विद्युत् उत्पादनलाई निरन्तरता दिनु मुख्य चुनौती रहेको छ। विशेष गरी हिउँदको सुख्खायामसँगै नदीमा पानीको बहाव घट्न गई आयोजनाले पूर्ण क्षमतामा उत्पादन दिन नसक्ने प्राकृतिक सीमालाई मध्यनजर गर्दै, उपलब्ध पानीको अधिकतम उपयोग गरी प्लान्टको उपलब्धता सुनिश्चित गर्न उपयुक्त मर्मत-सम्भार तालिका कार्यान्वयनमा ल्याइएको छ। इलेक्ट्रो-मेकानिकल उपकरणहरूको नियमित मर्मत (Preventive Maintenance) र आवश्यक स्पेयर पार्ट्सको पर्याप्त मौज्दात कायम राख्नुलाई समेत कम्पनीले प्राथमिकतामा राखेको छ।

(ख) **बाह्य समस्या तथा चुनौती:** विगतमा नेपाल विद्युत् प्राधिकरणको बाह्रबिसे सब-स्टेसन निर्माणमा भएको ढिलाइका कारण न्यू खिम्ती सब-स्टेसन मार्फत वैकल्पिक रूपमा Take and Pay को प्रावधान अन्तर्गत विद्युत् प्रवाह गर्नु परेको अवस्था थियो, जसले गर्दा पूर्ण क्षमतामा विद्युत् निकासी तथा आम्दानीमा प्रतिकूल असर पर्न सक्ने जोखिम रहेको थियो। हाल बाह्रबिसे सब-स्टेसनको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई आयोजनाबाट उत्पादित विद्युत्, विद्युत् खरिद-बिक्री सम्झौता (PPA) को सार्विक व्यवस्था अनुसार नै मिति २०८३/०७/१७ देखि राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध भई निकासी भइरहेको छ। निकट भविष्यमा आवश्यक प्रक्रिया पूरा गरी Take or Pay को प्रावधान लागू गर्ने व्यवस्था मिलाउने लक्ष्य कम्पनीले राखेको छ। यसका अतिरिक्त वित्तीय बजारमा हुने ब्याजदरको उतार चढावलाई समेत कम्पनीले बाह्य वित्तीय चुनौतीका रूपमा लिएको छ।

(ग) **नगद प्रवाह र वित्तीय व्यवस्थापन रणनीति:** समीक्षा अवधिमा कम्पनी विद्युत् बिक्रीबाट आम्दानी गर्न सफलभएको छ। यद्यपि, आयोजना पूँजीकरण भएसँगै अबका दिनमा नाफा-नोक्सान हिसाबमा ह्रासकट्टी र ब्याज खर्चको ठूलो भार देखिने हुँदा आम्दानी र खर्चको सन्तुलन मिलाई नगद प्रवाह व्यवस्थापन गर्नु मुख्य कार्यभार रहेको छ।

(घ) **बिमा तथा जोखिम व्यवस्थापन:** सम्भावित प्राकृतिक तथा प्राविधिक जोखिमहरूबाट आयोजनालाई सुरक्षित राख्न कम्पनीले उच्च प्राथमिकता दिएको छ। यस अन्तर्गत आयोजनाका सम्पूर्ण भौतिक संरचना तथा उपकरणहरूका Property All Risks, Machinery Breakdown, Loss of Revenue र Third Party Liability लाई समेट्ने गरी सञ्चालनकालीन बृहत्तर बीमा (Comprehensive Operational Insurance Policy) लागू गरिसकिएको छ। साथै, आयोजना व्यापारिक उत्पादनमा गइसकेको भएतापनि हाल मुख्य ठेकेदार कम्पनीहरूको त्रुटि सच्याउने अवधि (Defect Liability Period - DLP) चालू रहेको र सो अवधिभर सिभिल एवं इलेक्ट्रोमेकानिकल ठेकेदारहरूले समेत आ-आफ्नो दायित्व अन्तर्गतको बिमा (Insurance) कायम राखेकाले आयोजनाको सम्पत्ति तथा उपकरणहरू थप सुरक्षित रहेका छन्।

६. **संस्थागत सुशासन:** कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यहरूलाई सुव्यवस्थित र पारदर्शी बनाउन आर्थिक प्रशासन तथा खरिद विनियमावली एवं कर्मचारी सेवा शर्त विनियमावलीको अधीनमा रही समस्त प्रशासनिक र वित्तीयकार्यहरू सम्पादन गर्ने गरिएको छ। सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कार्यालय सञ्चालन गरिएको छ। कम्पनीको मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत् प्राधिकरणबाट एकजना कर्मचारी काजमा आई कार्यरत रहेका छन्। साथै, आउट सोर्सिङ सम्झौता गरी Chesco. मार्फत आवश्यक प्राविधिक कर्मचारीहरू उपलब्ध गराई प्लान्टको सञ्चालन एवं मर्मत-सम्भारको कार्य अगाडि बढाइएको छ। कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्याङ्कन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरू गठन गरिएका छन्। कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन स्वतन्त्र आन्तरिक लेखापरीक्षक मार्फत लेखापरीक्षण गराउने व्यवस्था मिलाइएको छ भने धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रारको कार्यालय र नेप्सेका निर्देशनहरूको समयमै परिपालना गर्ने गरिएको छ। संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठी जस्ता विषयलाई पनिप्राथमिकता दिई कार्यान्वयन गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्णतामा आधारित भनी विश्वास लिएको छु। लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन। थप जानकारीको आवश्यकता महसुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको कदमलाई सधैं स्वागत योग्य ठान्ने छु।